# धरान उपमहानगरपालिका, नगर पालिकाको कार्यालय

## प्रदेश-१ धरान, सुनसरी

### दोश्रो बोर्ड बैठकको निर्णयहरु

उपस्थितिः-

| क्र.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री तारा सुब्बा | नगर प्रमुख | ध.उ.म.न.पा. | उपस्थित |
| २ | श्री मञ्जु भण्डारी ( सुवेदी ) | नगर उप प्रमुख | ध.उ.म.न.पा. | उपस्थित |
| ३ | श्री रोशन अधिकारी | अध्यक्ष | धरान-१ | उपस्थित |
| ४ | श्री माधव गोविन्द श्रेष्ठ | अध्यक्ष | धरान-२ | उपस्थित |
| ५ | श्री आशा कुमार श्रेष्ठ | अध्यक्ष | धरान-३ | उपस्थित |
| ६ | श्री मान बहादुर राई | अध्यक्ष | धरान-४ | उपस्थित |
| ७ | श्री सन्तोष लिम्बु | अध्यक्ष | धरान-५ | उपस्थित |
| ८ | श्री भुवान सिं बस्नेत | अध्यक्ष | धरान-६ | उपस्थित |
| ९ | श्री भुपेन्द्रराज मोक्तान | अध्यक्ष | धरान-७ | उपस्थित |
| १० | श्री रुद्र बहादुर लिम्बु | अध्यक्ष | धरान-८ | उपस्थित |
| ११ | श्री रत्न बहादुर कटुवाल | अध्यक्ष | धरान-९ | उपस्थित |
| १२ | श्री श्रीप्रसाद लिम्बु | अध्यक्ष | धरान-१० | उपस्थित |
| १३ | श्री बाबुलाल लामा | अध्यक्ष | धरान-११ | अनुपस्थित |
| १४ | श्री टंक बहादुर राई | अध्यक्ष | धरान-१२ | उपस्थित |
| १५ | श्री नेत्र प्रसाद काफ्ले | अध्यक्ष | धरान-१३ | उपस्थित |
| १६ | श्री कृष्ण प्रसाद भट्टराई | अध्यक्ष | धरान-१४ | उपस्थित |
| १७ | श्री नरेश कुमार इवारम | अध्यक्ष | धरान-१५ | उपस्थित |
| १८ | श्री दिल कुमार गिरी | अध्यक्ष | धरान-१६ | उपस्थित |
| १९ | श्री सूर्य बहादुर भट्टराई | अध्यक्ष | धरान-१७ | उपस्थित |
| २० | श्री नरेन्द्र कुमार राई | अध्यक्ष | धरान-१८ | उपस्थित |
| २१ | श्री पूर्ण बहादुर लिम्बु | अध्यक्ष | धरान-१९ | उपस्थित |
| २२ | श्री मणि कुमार राई | अध्यक्ष | धरान-२० | उपस्थित |
| २३ | श्री विष्णु प्रसाद कोइराला | कार्यकारी अधिकृत सचिव | ध.उ.म.न.पा. | उपस्थित |

आज मितिः२०७४/ श्रावण ९ गते विहान ८.०० बजे धरान उपमहानगरपालिका नगरकार्यपालिकाको बैठक माथिको उपस्थितिमा नगर प्रमुख श्री तारा सुब्बा ज्यूको अध्यक्षतामा बसी तपसिलका विषयहरुमा छलफल गरियो।

**निर्णय नं.-१. बैठक संचालन कार्य विधि २०७४ स्वीकृत गर्ने सम्बन्धमा।**

धरान उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट तयार गरी आजको बैठकमा पेश भएको नगरकार्यपालिकाको बैठक संचालन सम्बन्धि कार्यविधी २०७४ परिमार्जन सहित स्वीकृति गर्ने निर्णय गरियो ।स्वीकृत कार्यविधी छुट्टै प्रमाणित गरि राखिने छ।

**निर्णय नं.-२. राजस्व परामर्श समितिको सदस्य तोक्ने सम्बन्धमा**

धरान उपमहानगरपालिकाको नगर स्तरीय राजस्व परामर्श समितिमा सदस्य तोक्ने सम्बन्धमा छलफल गर्दा नगरकार्यपालिकाका सदस्य श्री माधव गोविन्द श्रेष्ठलाई तोक्ने निर्णय गरियो।

**निर्णय नं.-३. श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिमा सदस्य तोक्ने सम्बन्धमा।**

धरान उपमहानगरपालिकाको श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिमा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरु तोक्ने निर्णय गरियो।

**तपसिलः**

१.श्री नरेश कुमार इवारम

२.श्री सूर्य बहादुर भट्टराई

**निर्णय नं.-४. गैर सरकारी संस्था सम्बन्धमा।**

गैर सरकारी संस्थाहरुको दर्ता,नवीकरण, परिचालन तथा नियमन गर्ने सम्बन्धमा आवश्यक अध्ययन र कार्यविधी तयार गरी पेश गर्न तपसिल बमोजिमको एक समिति गठन गर्ने निर्णय गरियो। समितिको कार्यकाल दुई (२) महिनाको हुनेछ।

**तपसिलः**

१.श्री नेत्र प्रसाद काफ्ले — संयोजक

२.श्री कृष्ण प्रसाद भट्टराई — सदस्य

३.श्री पूर्ण बहादुर लिम्बु - सदस्य

**निर्णय नं.-५. बाधा अडकाउ फुकाउने सम्बन्धमा।**

हाल धरान उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयले संकलन गर्ने एकिकृत सम्पत्ति कर र व्यावसाय दर्ता तथा नविकरणको कार्य हाल स्थगन रहेकोमा, बिक्रि वितरण स्वामित्व हस्तान्तरण, बैक प्रयोजन वा अन्य क्नै विषेश कार्यको लागि साविक आ.व. २०७३/०७४ को दररेटमा कर असुली गरी कार्य गरी दिने र पछि दररेट थपघट भई रकम फरक परेमा समायोजन गर्ने गरी कर असुली तथा दर्ता कार्य गर्ने निर्णय गरियो।

**निर्णय नं.-६. आय श्रोत/ हैसियत प्रमाणित सम्बन्धमा।**

वैदेशिक अध्ययन तथा भ्रमण प्रयोजनको लागि सेवा प्रवाह गर्ने कार्य हाल नगरकार्यपालिकाको कार्यालयबाटै सम्पन्न हुँदै आएकोमा आइन्दा उक्त आयश्रोत प्रमाणित, हैसियत प्रमाणित र करचुक्ता गर्ने सेवा सम्बन्धित वडा कार्यालयबाट गर्ने निर्णय गरियो।

**निर्णय नं.-७. सहयोग सम्बन्धमा।**

धरान उपमहानगरपालिका, नगरकार्यपालिका कार्यालयमा कार्यरत नायब सुब्बा श्री प्रताप श्रेष्ठ विरामी भई खुट्टा काट्नु पर्ने अवस्था आएकोले हुँदा निजलाई आर्थिक सहयोग बापत रु.१,००,०००/- ( एकलाख मात्र ) प्रदान गर्ने निर्णय गरियो।

**आजको बैठक धन्यबाद सहित समापन गरियो।**